# मिति २०८१/०१/२७ बसेको तेह्रौं गाउँकार्यपालिकाको बैठकका निर्णयहरु:

१. आ.व २०८०/०८१ को बाह्रौं गाउँकार्यपालिकाको बैठकको समिक्षा गरियो । कार्यान्वयन हुन बाँकी निर्णय यथाशिघ्र कार्यान्वयनको लागि वडाहरुमा पत्राचार गर्ने निर्णय गरियो।

२. श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको स्थानीय पूर्वाधार सहयोग कार्यक्रम(LISP) संचालनको लागि स्थानीय तह छनौट सम्वन्धमा मिति २०८१/०१/१७ गते प्रकाशित सूचना वमोजिम उक्त कार्यक्रममा सवामेश हुन, यस मल्लरानी गाउँपालिका स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) संगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रकृया अवलम्बन गरि स्थानीय पूर्वाधार सम्बन्धी योजना तथा समावेशी बजेटको निर्माण गर्न, स्थानीय पूर्वाधार विकासका लागि नविनतम र सुधारिएका तरिका, साधन र विधि (modality) अवलम्बन गर्न, र स्थानीय पूर्वाधार सहयोग कार्यक्रम मार्फत प्राप्त हुने सह लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा बजेटको पूर्वाधार शिर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा SuTRA र लेखा परिक्षण मार्फत गर्न प्रतिवद्ध रहने र आवश्यक प्रकृया अगाडी बढाउने निर्णय गरियो।

३. मल्लरानी गाउँपालिका वडा नं ३ बरवोटमा श्री भानुभक्त मा.वि.को लागि मल्लरानी गाउँपालिका वडा नं ३ निवासी श्री लोकमणी उपाध्यायको छोरा श्री लेखनाथ पौडेलको नाममा रहेको कित्ता नं ७७३, क्षेत्रफल २४९८.०० को जग्गा बाट १९६.०० वर्ग मिटर पश्चिम दक्षिण तर्फ जग्गा श्री भानुभक्त मा.वि को नाममा निशुल्क जग्गा प्राप्त गर्न <u>सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा उपलब्ध गराउने सम्वन्धी कार्यविधि २०७९ को दफा ५</u> वमोजिम जग्गा प्राप्ति प्रकृया अगाडी बढाउने निर्णय गरियो।

४. यस मल्लरानी गाउँपालिका भित्रका विद्यालयमा अत्यावश्यक भौतिक पूर्वाधार निर्माणका लागि योजना छनौट गरी आ.व २०८१/०८२ को नीति तथा कार्यक्रममा समावेश गर्न श्री सामाजिक विकास मन्त्रालय, शिक्षा तथा सामाजिक विकास निर्देशनालय, राप्ति उपत्यका देउखुरीमा पठाउने निर्णय गरियो।

५. आ.व २०८०/०८१ मा विषयगत शाखा तथा वडाहरु मार्फत संचालन भएका योजना तथा कार्यक्रमहरुको भुक्तानीका लागि कार्यसम्पन्न सहित यथाशिघ्र पेश गर्न ताकेता गर्ने निर्णय गरियो ।

६. मल्लरानी गाउँकार्यपालिकाको तेह्रौं बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

२०८१/०१/२८

.....................

प्रवक्ता

लेख बहादुर थापा